भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।






## प्रभावकारी सरकारी निर्णयहरु

- देशव्यापी लकडाउन
- सकृय संयोजन समितिहरु
- अस्थायी क्वारेन्टाईन स्थल
- नियमित प्रेस बक्तव्यहरु
- केही स्थानीय तहको द्रुत कदम

## तत्काल कदम चाल्नुपर्ने विषयहरु

- गरिव तथा बृद्धबृद्धा तथा अपांगता भएका व्यक्तिलाई दैनिक उपभोग्य वस्तुको आपुर्ति गर्ने प्याकेज
- देशको सिमाना भित्र प्रवेश गरेका मानिसहरूको निगरानी, आइसोलेशन वार्ड र सुविधासम्पन्न क्वारेन्टाइनको व्यवस्था
- वैदेशिक रोजगारीमा भएका व्यक्तिका चिन्तित परिवारलाई आधिकारीक सूचना
- कोभिड - १९ सम्बन्धी केन्द्रिकृत सूचना प्रणालिको विकास
- देश बाहिर रहेका कामदार र अन्य नेपालीको समस्यालाई हेर्नेगरी विशेष कार्यदलको निर्माण
- ज्वरो र फ्लुका बिरामि हेर्न अस्विकार गर्ने निजि अस्पताल विरुद्ध कडा निर्णय लिने

# हल्ला - तथ्य



मैले थुप्रै हल्ला, अपुष्ट समाचार र पालना गर्नुपर्ने नियमको बारेमा सुनिरहेको छु । सहि सूचनाकोलागि मैले कसलाई विश्वास गर्ने ? यस्ता सहि जानकारीहरु कहाँ हेर्न सकिन्छ ?

अहिलेसम्म सरकारसंग कोभिड - १९ संग सम्बन्धीत तथ्यांक राख्न सकिने केन्द्रिकृत संयन्त्र छैन । तर पनि तपाईले सरकारका महत्वपुर्ण प्रेस विज्ञप्ती, निर्णय तथा सूचनाहरु सामाजिक सञ्जाल र वेवसाईटमा हेर्नसक्नुहुन्छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नोवेल कोरोना भाईरस सम्बन्धी सूचना प्रवाह गर्न आधिकारीक भाईवर समुहको स्थापना गरेको छ । सो समुहमा सहभागि हुनकोलागि यो लिंक हेर्नुहोस ।



लकडाउनको बेला स्थानीय कर्मचारीले घरदैलोमै गएर नगद सहयोग वितरण गर्दैछन् रे नि त ?

यस सम्बन्धमा प्रदेश र संघिय सरकारबाट कुनै निर्णय भएको सुनिएको छैन । तर, गैडाकोट नगरपालिकाले भने नागरिकको घरदैलोमै गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्दैछ । यो विपदको घडिमा गरिव, बृद्धबृद्धा, अपांगलाई आर्थिक रुपमा सहयोग होस भन्नकोलागि यो अभ्यास अरु क्षेत्रमा पनि लागु हुनसक्छ ।



म वैदेशिक रोजगारीमा छु । मेरो भिसाको अवधि सकिदैछ । अहिले नेपालमा लकडाउनको अवस्था छ । मैले के गर्नेहोला ?

लकडाउनका कारण वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको भिषाको म्याद सकियो र गन्तव्य राष्ट्रमै रोकिनु पर्‍यो वा अन्य कुनै समस्याको सामना गर्नु पर्‍यो भने यस सम्बन्धी जानकारी विदेशस्थित नेपाली कुटनितिक नियोगलाई दिनु भनेर नेपाल सरकारले सूचना जारी गरेको छ । निर्णय हेर्न यो लिंक हेर्नुहोस् ।



विदेशबाट फर्किएका व्यक्तिहरुलाई सरकारले नियन्त्रणमा लिनुपर्‍यो भनेर सामाजिक सञ्जालमा सम्बन्धीत व्यक्तिको परिचय खुल्ने गरेरै खुलेआम आह्वान गरेको देखिन्छ । यो कतिको नैतिक अनि कानुन सम्मत छ । के उनिहरुको गोपनियताको ख्याल गर्नु पर्दैन ।

कुनै पनि बाह्य मुलुकबाट देशको सिमानामा प्रवेश गरेका व्यक्तिको उच्छ्लत या भलतचथ मा रहेको हेल्थ डेस्कमा अनिवार्य जाँच गरिसके पश्चात कम्तिमा १४ दिन होम क्वारेन्टाईनमा बस्न सरकारले सम्बन्धीत सबैलाई अनुरोध गरेको छ । यो महामारिको प्रकोपलाई न्युनिकरण गर्न सरकारको निर्देशनको पालना गर्नु सबैको दायित्व र जिम्मेवारी पनि हो । तर, कसैको व्यक्तिगत गोपनियतामा आँच आउनेगरी कुनै पनि कृयाकलाप गर्नु नैतिकता अनि कानुन विपरित कार्य हो ।

## सूचनाका स्रोतहरु

- विश्व स्वास्थ्य संगठन
- स्वास्थ्य र जनसंख्या मन्त्रालय
- कोभिड-१९ को अवस्थाअ
- जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
- नेपाल श्रम शक्ति सर्वेक्षण
- सुरक्षित हुन के गर्ने



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित |
|---|---|---|---|
| साउदी अरव | ३,५२,६६७ नेपाली | ७६७ संक्रमित | |
| कुवेत | ८२,६३० नेपाली | १९१ संक्रमित | |
| बहराईन | २८,२७६ नेपाली | ३९० संक्रमित | ३ नेपाली संक्रमित |
| कतार | ४,३७,००९ नेपबाली | ५२६ संक्रमित | |
| युएई | ३,५२,६६७ नेपाली | २४८ संक्रमित | |
| ओमान | ८,२५० नेपाली | ८४ संक्रमित | |
| मलेसिया | ४,६९,१३१ नेपाली | १,५१८ संक्रमित | |
| दक्षिण कोरिया | ५३,६९१ नेपाली | ९,०३७ संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

### युएई

युएईमा कोरोना भाईरसबाट संक्रमित भएर उपचारार्थ दुईजना नेपाली पुर्ण रुपमा स्वस्थ भएका छन् । युएई स्थीत संक्रामक रोग नियन्त्रण कार्यक्रमका प्रमुख फरिदा अल-होसानी ले सो कुरा एक प्रेस सम्मेलनको आयोजना गरी जनाएका थिए ।

# भरपर्दो सुचना पाउनका लागी महत्वपुर्ण लिन्क्स्

- MoHP नेपाल कोभिड-१९ भाइबर ग्रुप
- नोवेल कोरोना भाईरस सम्बन्धी नयाँ जानकारी तथा स्रोतकेन्द्र
- स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका प्रेस विज्ञप्तीहरु
- गृह मन्त्रालय
- वैदेशिक रोजगार सम्बन्धी समाचार
- आपतकालीन सम्पर्कहरु
- अध्यागमन जानकारी

# प्रदेश सरकारहरुले कोरोना भाईरस विरुद्ध चालेका महत्वपुर्ण कदमहरु

## प्रदेश १

- प्रदेश सरकारको तर्फबाट १० करोडसहित जम्मा २० करोडको प्रतिकार्य कोषको स्थापना
- १० वटा भेन्टिलेटर सुविधा सहित ५० सैयाको अस्पताल
- ४ वटा प्रवेश नाकामा सहायता कक्ष र स्वास्थ्य जाँच गर्ने कक्ष
- कोभिड - १९ विरुद्ध र्‍यापिड रेस्पोन्स टिम गठन

## प्रदेश २

- कोभिड - १९ विरुद्ध काम गर्न प्रदेश भित्रका हरेक जिल्लालाई  ५० लाख, प्रदेश प्रहरीलाई २० लाख, शसस्त्र प्रहरीलाई २० लाख र राष्ट्रिय अनुसन्धान विभागको कार्यालयलाई ५ लाख रुपैयाँ छुट्याईएको ।
- त्यसै गरेर १२ लाख रुपैयाँ सघन स्वास्थ्य उपचारकोलागि र २ लाख रुपैयाँ सबै जिल्ला अस्पताललाई छुट्याईएका ।

## बागमति प्रदेश

- ५०० सैयाको सुविधा सम्मपन्न क्वारेन्टाईनको व्यवस्था
- कोभिड - १९ विरुद्ध कोरोना रेस्पोन्स टिम गठन

## गण्डकी प्रदेश

- मुख्यमन्त्री आकस्मिक कोषको स्थापना
- कोभिड - १९ विरुद्ध कार्य गर्न प्रदेश प्रकोप व्यवस्थापन कोषको प्रयोग
- लेखनाथ सामुदायिक लायन्स अस्पताल कोरोनाको उपचार गर्न प्रतिवद्ध

## प्रदेश ५

- कोरोना विरुद्ध लड्न १० करोडको कोष स्थापना
- ८९ आईसोलेशन बेड सहित १४ अस्पतालको व्यवस्थापन

## कर्णाली प्रदेश

- १००० सैया सहितको क्वारेन्टाईन सेवा सञ्चालन हुँदै
- ५० करोडको कोष स्थापना
- हरेक जिल्ला प्रकोप व्यवस्थापन समितिलाई ५० लाख रुपैयाँ

## सुदुर पश्चिम प्रदेश

- ११ करोड ५० लाख रुपैयाँ छुट्याईएको
- उप-महानगरपालिकालाई ५ लाख, नगरपालिकालाई ४ लाख र गाउँपालिकालाई ३ लाख रुपैयाँ छुट्याईएको
- ४७ आईसोलेशन बेड सहित १८ अस्पतालको व्यवस्थापन

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

**सरकारी हटलाईन**
विहान ८:०० देखी बेलुका ८:०० सम्म
९८५१२५५८३९
९८५१२५५८३७
९८५१२५५८३४

**नि:शुल्क हटलाईन**
विहान ८:०० देखी बेलुका ८:०० सम्म
१११५

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 01-4429584